फेदाप गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोक्लावाङ, तेह्रथुम

अध्यक्षः ९८५२०८०५००
उपाध्यक्षः-९८५२०८०७००
प्र.प्र.अ:- ९८५२०८०६००

१ नं. प्रदेश नेपाल

प.सं. २०७५/०७६
च.नं. ७३०

मिति: २०७५/११/०५

**विषयः सूचना टाँस गर्ने बारे ।**

श्री सबै वडा कार्यालयहरु
फेदाप गाउँपालिका
पोक्लावाङ, तेह्रथुम

प्रस्तुत विषयमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको प.सं. २०७५/०७६, च.नं. १६५, मिति २०७५/११/०२ को प्राप्त पत्रानुसारको सूचनाको छायाँ प्रति यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । ताहाँ प्राप्त भएपछि सूचना पाटीमा टाँस गरी जानकारी पठाईदिनुहुन अनुरोध छ ।

**बोधार्थ**

श्री सूचना तथा प्रविधि शाखा फेदाप गाउँपालिका पोक्लावाङ्ग, तेह्रथुमः

सूचना र पत्र वेवसाईट, फेसवुक पेजमा अपलोड गरिदिनुहुन ।

.............................
सुमन लिङदेन लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं. १

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
## धनकुटा

पत्र संख्या: २०७५/७६
चलानी नं.:

## प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/११/०२

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको आ.व. २०७५/७६ को स्वीकृत बार्षिक कार्यक्रम मुताविक तेह्रथुम जिल्लामा देहायका कार्यक्रमहरू कार्यान्वयनका लागि सम्वन्धित कार्यक्रम संचालन निर्देशिका/कार्यविधि २०७५ तोके बमोजिम सर्तहरू पालना गरी लागत साझेदारीमा संचालन गर्न ईच्छुक आवेदकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगि वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको फोन नं. ०२६-५२०२८३, सम्पर्क केन्द्र तेह्रथुमको फोन नं.०२६४६०१२७ मा सम्पर्क राख्न वा भुमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ विराटनगरको वेभसाईड www.molmac.p1.gov.np बाट "पशुपंक्षी व्यवसाय प्रवर्दन कार्यक्रम कार्यान्वियन कार्यविधि २०७५" डाउनलोड गर्न सकिने छ ।

| क्र. स. | कार्यक्रमको नाम | ईकाइ | परिमाण | अधिकतम साझेदारी रकम रू.(प्रति इकाइ) | प्रस्ताव पेश गर्न सक्ने संभावित साझेदारहरू |
|---|---|---|---|---|---|
| १ | व्यसायिक बंगुर फार्महरूलाई गोठ/खोर निर्माण, जैविक सुरक्षा तथा सुदृढिकरण सुधारमा अनुदान | संख्या | १ | तीन लाख | सहकारी संस्था/समुह/व्यवसायिक फर्म पाठापाठी उत्पादनको लागि ५ माउ भुनी वा मासु उत्पादनको लागि १० वटा बंगुर पालेको हुनु पर्ने । |
| २ | व्यसायिक बाख्रा फार्महरूलाई गोठ/खोर निर्माण, जैविक सुरक्षा तथा सुदृढिकरण सुधारमा अनुदान | संख्या | १ | दुई लाख पचास हजार | व्यवसायिक बाख्र फार्ममा कम्तिमा २० वटा र समुह/सहकारीमा प्रतिव्यक्ति १० वटा प्रजनन् योग्य माउ बाख्रा हुनु पर्ने । |
| ३ | व्यवसायिक फर्महरूमा बोयर बोका वितरण | संख्या | ४ | एक लाख | व्यवसायिक बाख्र फार्ममा कम्तिमा २५ वटा र समुह/सहकारीमा प्रतिव्यक्ति ५ वटा प्रजनन् योग्य माउ बाख्रा हुनु पर्ने । |
| ४ | च्यापककटर मेसिन खरिदमा अनुदान (मोटर सहित) | संख्या | ५ | पचास हजार | गाईभैसीमा कम्तिमा ५ वटा माउ, बाखापलनमा २० वटा माउ र पाडापालनको लागी १५ वटा पाडा पालेको हुनु पर्ने |

**प्रस्तावसाथ सम्मिलित हुनु पर्ने कागजातहरू:**

१.अनुसुची २ वमोजिम रू.१० को हुलाक टिकट टाँस गरेको आवेदन ।
२.आवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
३.कार्यक्रम कार्यान्वयन प्रकृयामा तोकिए वमोजिमका अनुसुचीहरू ।
४.कार्यक्रम कार्यान्वयन स्थलको स्वामित्व देखिने कागजातको प्रतिलिपी ।
५.लिजमा लिएको जग्गाको हकमा करारनामा वा सम्झौता पत्र ।
६.प्रचलित कानुन वमोजिम आधिकारिक निकायमा संस्था/फर्म/व्यवसाय/नविकरण र पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी
७.समुह/समिति/सहकारीको हकमा कार्य समितको निर्णयको प्रतिलिपी ।
८.अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
९.अनुसुची ४ वमोजिमको लागत साझेदारी गर्ने प्रतिवद्दता, अनुसुची ५ स्वघोषणा र अनुसुची ६ सिफारिस पत्र ।

डा.शिवजी प्रसाद दास
वरिष्ठ पशु विकास अधिकृत

दरखास्त बुझाउने स्थान: भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा र सम्पर्क केन्द्र म्याङलुङ ,तेह्रथुम

धनकुटा नगरपालिका:- ७, फोन नं.:- ०२६ ५२०२८३, फ्याक्स: ०२६ ५२०२८०, इ-मेल: vhlsdhankuta@gmail.com